# धनगढी उप-महानगरपालिका
## कार्यालय धनगढी ,कैलाली

मिति : २०७७/१२/०८

आदरणीय नगरबासी बुवा, आमा दाजुभाई तथा दिदिबहीनी
तथा सम्पूर्ण राष्ट्र सेवकहरु ।

**हार्दिक अपिल**

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को जोखिमसँग जुध्न सबैले सजकता अपनाउनु जरुरी छ । धनगढी उप-महानगरपालिका आफ्नो श्रोत, साधनले भ्याए सम्म सर्तकता, चेकजाँच र व्यबस्थापनमा जुटेको व्यबहोरा नगरवासीमा सादर निवेदन गर्दछौं ।

सतर्कताको कार्यमा सबै क्षेत्रबाट सहयोग पुगिरहेको छ । अझैपनि आ-आफ्नो ठाउँबाट सहकार्य र समन्वयलाई निरन्तरता दिनहुन राजनितिकदल नगरबासी, स्थानीय प्रशासन र राष्ट्र सेवक सुरक्षाकर्मीहरु, सञ्चारकर्मी लगायत आम सरोकारवालाहरु संग उप-महानगरपालिका हार्दिक अपिल गर्दछ ।

संचार माध्यमहरुबाट प्रकाशित/प्रशारित समाचार अनुसार भारतका बिभिन्न शहरमा कोरोनको दोश्रो चरणको संक्रमण लहर फैलिन थालेको छ । संक्रमण फैलिन थालेपछि कतिपय ठाउँमा लकडाउन समेत सुरु भएको खवर सार्वजनिक भैरहेका छन् ।

त्यसैले कोरोनाको जोखिम बढ्न सक्ने कुरा प्रति सजक रहन सबैलाई अनुरोध गर्दछौं । घर बाहिर निस्कीदा, बजारमा किनमेल गर्दा, कार्यालयहरुमा सेवा लिन जाँदा अनिवार्य रुपमा सामाजिक एवम् भौतिक दुरी कायम गर्न तथा जोखिम घटाउनका लागि मास्कको प्रयोग गर्न, पटक पटक साबुन पानीले हात धुन, सरसफाईमा ध्यान दिन र ज्वरो आउने, थकाई लाग्ने, सुख्खा खोकी लागिरहेमा स्वास्थ्यकर्मीको परामर्श लिन सबैमा हार्दिक आह्वान गर्दछौं ।

सुशीला मिश्र भट्ट
उप-प्रमुख

नृपबहादुर वड
नगरप्रमुख

नृप बहादुर वड
नगर प्रमुख

नगर प्रमुख ;-०९१-५२१७४३, नगर उप-प्रमुख :-०९१-५२०८७४ ,प्रमुख प्रशासकीयअधिकृत :-०९१-५२०४२९,प्रमुख प्रशासकीय अधिकृतको निवास :- ०९१-५२१३२९, योजना शाखा ०९१-५२५५०६, आ.ल.प.शाखा:-०९१- ५२०७२९,प्रशासन :- ०९१-५२०७३३, लेखा :-०९१-५२१५२९, फ्याक्स :- ०९१-५२०४२९ दमकल :- १०१ वेव साईट
www.dhangadhimun.gov.np email address : dhangadhimun2013@gmail.com